नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले **मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**को मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण :**

- हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता, २०७४ मा रहेको सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्थालाई सरलीकृत गर्न पति वा पत्नीले संयुक्त रूपमा निवेदन दिन सक्ने तथा यसरी निवेदन दिएमा अदालतले मेलमिलाप गराउन प्रयास गर्दा समेत मेलमिलाप गराउन नसकी एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराइदिनु पर्ने व्यवस्था हटाई अदालतले एक वर्ष कुर्नु नपर्ने व्यवस्था गर्न,
- कुनै व्यक्तिको नाममा दर्ता नभएको सम्पत्तिलाई कसको हुने भन्ने सम्बन्धमा हाल कुनै व्यवस्था नरहेकोले अब कुनै पनि व्यक्तिको नाममा दर्ता नभएको सम्पत्तिलाई समेत सार्वजनिक सम्पत्ति मानिने व्यवस्था गर्न,
- व्यक्तिको सम्पत्तिको फाँटवारी लुकाई अंश नपाउने अवस्था रहेको हुँदा प्रतिवादीले जानी जानी वादीलाई अंश नदिने मनसायले फाँटवारी नदिएको प्रमाणित भएमा अदालतले त्यसरी फाँटवारी दिनु पर्ने दायित्व भएको प्रतिवादीको अंशभागको दश प्रतिशत सम्पत्ति समेत वादीले पाउने गरी फैसला गरिदिनु पर्ने व्यवस्था गर्न,
- हालको व्यवस्थमा अपुताली पाउने हकवालाको प्राथमिकताक्रममा विवाह भई सगोलमा नबसेकी विवाहित छोरी छुटेको हुँदा सो व्यवस्था थप गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

- नेपालको संविधानको धारा २५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक रहेकोमा व्यक्तिको अंश हक लाग्ने सम्पत्ति आर्जन गरी भोग गर्ने हकको प्रत्याभूति हुने,
- नेपालको संविधानको धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुने व्यवस्था रहेको हुँदा विवाह भई सगोलमा नबसेकी विवाहित छोरीको समेत अपुताली पाउने हक सुनिश्चित हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोग :**

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

सम्पत्तिको फाँटवारी लुकाएका कारण अंशको हक पुग्ने व्यक्तिले समेत अंश नपाउने व्यवस्थालाई परिमार्जन गर्दा व्यक्तिको जीवनस्तर केही हदसम्म बढ्ने तथा विवाह भई सगोलमा नबसेकी विवाहित छोरीले समेत अपुतालीको हक पाउने हुँदा दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १ मा उल्लिखित सबैतिरबाट सबै स्वरूपमा गरिबी अन्त्य गर्न र लक्ष्य नं. ५ मा उल्लिखित लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालिकाहरूलाई सशक्त बनाउन प्रस्तुत विधेयकको व्यवस्थाले सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव :**

- व्यक्तिको सम्पत्ति सम्बन्धी हक तथा पारिवारिक कानून अन्तर्गत विवाह र सम्बन्ध विच्छेद सम्बन्धी कानूनको परिपालन सामाजिक परिवेश अनुकूल हुने,
- मध्यस्थता सम्बन्धी ऐनबमोजिम सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको विषयमा बहस गर्ने सरकारी वकीलको भूमिका निर्धारित हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको :-

- कुष्ठरोग उपचार हुन सक्ने प्रकृतिको रोग भएको हुँदा कुष्ठ रोग लागेको जानकारी अर्को पक्षलाई नदिएको कारण त्यस्तो विवाह बदर नहुने,
- अन्य व्यक्तिको सम्पत्ति निजको मञ्जुरी बिना उपभोग गरेको तथा अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई आबाद गरेको कारणबाट मर्का परेको व्यक्तिले नालिस गर्न सक्ने हदम्याद छ महिनाको सट्टा एक वर्ष हुने,
- सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको कुनै पनि विषयमा सरकारी निकाय वा सो मातहतको परियोजनाको तर्फबाट मध्यस्थता ऐन, २०५५ वा प्रचलित कानूनबमोजिम गठन भएको मध्यस्थता समक्ष दाबी, प्रतिदावी र प्रत्युक्ति पेस गर्ने र मध्यस्थता समक्षमा उपस्थित भई बहस गर्ने अधिकार समेत महान्यायाधिवक्ताले तोकेको सरकारी वकीललाई हुने।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संहिताको नाम "मुलुकी देवानी (पहिलो संशोधन) संहिता, २०८३" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी संहिता, २०७४ को दफा २६ मा संशोधन** : मुलुकी देवानी संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा २६ को,-

(१) उपदफा (३) मा रहेका "उजुर गर्न" भन्ने शब्दहरूको सट्टा "निषेधाज्ञा वा अन्य उपयुक्त आदेशको लागि निवेदन दिन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (५) मा रहेको "उजुरी" भन्ने शब्दको सट्टा "निवेदन" र "आदेश" भन्ने शब्दको सट्टा "निषेधाज्ञा वा अन्य उपयुक्त आदेश" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल संहिताको दफा ७१ मा संशोधन** : मूल संहिताको दफा ७१ को उपदफा (२) को खण्ड (ग) मा रहेका "वा कुष्ठ रोगी भएको" भन्ने शब्दहरू झिकिएका छन्।

४. **मूल संहिताको दफा ७२ मा संशोधन** : मूल संहिताको दफा ७२ को उपदफा (१) को खण्ड (ग) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा उल्लिखित व्यवस्थाको हकमा सोही बमोजिम हुनेछ।"

५. **मूल संहिताको दफा ९६ मा संशोधन** : मूल संहिताको दफा ९६ को सट्टा देहायको दफा ९६ राखिएको छ :-

"९६. **सम्बन्ध विच्छेदको लागि निवेदन दिनु पर्ने** : सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नी वा दुवैले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ।"

६. **मूल संहिताको दफा ९८ मा संशोधन** : मूल संहिताको दफा ९८ मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

७. **मूल संहिताको दफा २१० मा संशोधन** : मूल संहिताको दफा २१० को सट्टा देहायको दफा २१० राखिएको छ :-

"२१०. <u>पछिल्लो पत्नी वा सन्तानले पति वा बाबुको भागबाट मात्र अंश पाउने</u> : कुनै व्यक्तिले पत्नी, छोरा, छोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोरा, छोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंशबाट मात्र अंश पाउने छन्।"

८. <u>मूल संहिताको दफा २२५ मा संशोधन</u> : मूल संहिताको दफा २२५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट जारी इतलायनामा रितपूर्वक तामेल भई प्रतिवादीले थाहा पाएकोमा आफ्नो नाममा रहेको बण्डा लाग्ने चलअचल सम्पत्तिबाट जानी जानी वादीलाई अंश नदिने वा धिङ्न्याइँ गर्ने मनसायले फाँटवारी नदिएको प्रमाणित भएमा अदालतले त्यसरी फाँटवारी दिनु पर्ने दायित्व भएको प्रतिवादीको अंशभागको दश प्रतिशत सम्पत्ति समेत वादीले पाउने गरी फैसला गरिदिनु पर्नेछ।"

९. <u>मूल संहिताको दफा २३९ मा संशोधन</u> : मूल संहिताको दफा २३९ को उपदफा (१) को खण्ड (घ) मा रहेका "सौतेनी आमा," भन्ने शब्दहरू पछि "विवाह भई सगोलमा नबसेकी विवाहित छोरी," भन्ने शब्दहरू राखिएका छन्।

१०. <u>मूल संहिताको दफा २८६ मा संशोधन</u> : मूल संहिताको दफा २८६ मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

११. <u>मूल संहिताको दफा २९८ मा संशोधन</u> : मूल संहिताको दफा २९८ मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

१२. <u>मूल संहिताको दफा ३१२ मा संशोधन</u> : मूल संहिताको दफा ३१२ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) नेपाल सरकारको कुनै निकाय वा अधिकारीले उपदफा (१) बमोजिमको सम्पत्तिमा असर पर्ने गरी कुनै निर्णय गरेमा तीन दिन भित्र त्यस्तो निर्णयको प्रतिलिपि सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनु पर्नेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको निकाय वा संवैधानिक निकायको हित वा सरोकार जोडिएको कुनै विषयमा सो निकाय वा सो मातहतको परियोजनाको तर्फबाट महान्यायाधिवक्ताले तोकेको सरकारी वकीलले मध्यस्थता सम्बन्धी प्रचलित कानूनबमोजिम

गठन भएको मध्यस्थता समक्ष दाबी, प्रतिदाबी र प्रत्युक्ति पेस गर्ने र मध्यस्थता समक्ष उपस्थित भई बहस गर्नेछ ।

तर प्रदेश सरकार वा स्थानीय तहको हकमा प्रचलित कानूनबमोजिम तोकिएको वा खटिएको वकीलले बहस पैरवी र प्रतिरक्षा गरी दिन सक्नेछ।"

१३. मूल संहिताको दफा ३८६ मा संशोधन : मूल संहिताको दफा ३८६ को उपदफा (२) रहेका "मासिक बीस हजार रूपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "तिस हजार रूपैयाँसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

१४. मूल संहिताको दफा ४३४ मा संशोधन : मूल संहिताको दफा ४३४ मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।